# लोक सेवा आयोग

## केन्द्रीय कार्यालय

कमलपोखरी, काठमाडौं

**सम्मानीय राष्ट्रपतिज्यूसमक्ष लोक सेवा आयोगको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन पेश गरिएको**

**<u>प्रेस विज्ञप्ति</u>**

लोक सेवा आयोगले सम्वत् २०८१ साल असोज ४ गते शुक्रबारका दिन सम्मानीय राष्ट्रपतिज्यूसमक्ष आर्थिक वर्ष २०८०/०८१ मा सम्पादन गरेका कार्यहरु समेटी वार्षिक प्रतिवेदन पेश गरेको छ। नेपालको संविधानको धारा २९४ मा संवैधानिक निकायले आफूले गरेको कामकारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ। साथै लोक सेवा आयोग ऐन, २०७९ को दफा ४३ मा आयोगले आफूले गरेका कामकारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र राष्ट्रपतिसमक्ष पेश गर्नुपर्ने र प्रतिवेदनमा उल्लेख गर्नुपर्ने कुराहरु सम्बन्धी व्यवस्था गरिएको छ। संविधानमा व्यवस्था भए अनुरुप लोक सेवा आयोगले विक्रम सम्वत् २०१६ सालदेखि हरेक वर्ष आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रप्रमुखसमक्ष पेश गर्दै आएको छ। राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत त्यस्तो प्रतिवेदन संघीय संसद समक्ष पेश गर्न लगाउने संवैधानिक व्यवस्था रहेको छ। आयोगबाट आर्थिक वर्ष २०८०/०८१ को कामकारबाही समेटी प्रस्तुत भएको यो प्रतिवेदन पैँसट्ठीऔँ वार्षिक प्रतिवेदन हो।

आयोगका तर्फबाट वार्षिक प्रतिवेदन पेश गर्दै माननीय अध्यक्ष माधव प्रसाद रेग्मीले प्रतिवेदनमा समावेश भएका विषयका बारेमा विवरण प्रस्तुत गर्नुभयो। प्रतिवेदन ग्रहण गर्दै सम्मानीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूले आयोगबाट सम्पादित कामकारवाहीउपर प्रशंसा गर्दै धन्यवाद व्यक्त गर्नुभयो। साथै उहाँले नेपाली जनताको आस्था र विश्वासको धरोहरका रुपमा रहेको लोक सेवा आयोगले अझै सुदृढ र प्रभावकारी तरिकाले कार्यसम्पादन गर्नेछ भन्ने अपेक्षा र विश्वास व्यक्त गर्नुभयो।

वार्षिक प्रतिवेदनमा आयोगको कार्यसम्पादनका आधारहरु, प्रशासनिक तथा वित्तीय स्थिति, विज्ञापन र दरखास्तसम्बन्धी विवरण, परीक्षण प्रविधि, शैक्षिक योग्यता र पाठ्यक्रम निर्धारण सम्बन्धमा आयोगबाट भए गरेका कार्यहरु, परीक्षा सञ्चालन र उत्तरपुस्तिका परीक्षण, अन्तर्वार्ता तथा सिफारिस, समावेशी पदपूर्ति, सुरक्षा निकाय तथा सङ्गठित संस्थाको पदपूर्तिका लागि सञ्चालन भएका लिखित परीक्षा तथा लिखित परीक्षाबाट उम्मेदवार छनौट भएको विवरण, विभिन्न सेवासम्बन्धी कानूनमा दिइएको परामर्श र बढुवा उजुरीमा आयोगबाट भएका निर्णयसम्बन्धी विवरण समावेश हुनुका साथै आयोगबाट विगत तीन वर्षका वार्षिक प्रतिवेदनमा प्रस्तुत सुझाव र तिनको कार्यान्वयनको स्थिति तथा सार्वजनिक सेवामा गर्नुपर्ने सुधारलगायत विषयमा सुझावहरु प्रस्तुत गरिएको छ।

**आर्थिक वर्ष २०८०/०८१ को अवधिमा आयोगबाट सम्पादन भएका मुख्य–मुख्य कार्यहरुः**

१. आयोगमा आर्थिक वर्ष २०८०/०८१ को अवधिमा निजामती सेवातर्फ विभिन्न सेवा सञ्चालन गर्ने निकायबाट रिक्त पदपूर्तिका लागि माग भए अनुरूप बढुवाबाट ५ सय २६, आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट १ सय २१, खुला प्रतियोगितात्मक परीक्षाबाट २ सय ६६ र विभिन्न समावेशी समूहबाट ५ सय ४२ गरी जम्मा १ हजार ४ सय ५५ ओटा विज्ञापन तथा बढुवा सूचनाहरू प्रकाशन गरिएको छ । उक्त विज्ञापनबाट बढुवातर्फ (आ.प्र. बाहेक) १ हजार १२, आन्तरिक प्रतियोगितातर्फ ६ सय २१, खुला प्रतियोगितातर्फ १ हजार ८० तथा महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रका समावेशी प्रतियोगितातर्फ जम्मा ९ सय ४७ गरी कुल ३ हजार ६ सय ६० रिक्त पदका लागि दरखास्त माग गरिएको थियो ।

२. प्रतिवेदन अवधिमा निजामती सेवातर्फ प्रकाशित आन्तरिक, खुला तथा समावेशी समूहका विज्ञापनका लागि आयोगको अनलाइन दरखास्त प्रणालीमा कुल ४ लाख ७३ हजार ४ सय ९० दरखास्त प्राप्त भएका छन् । यस अवधिमा मुलुकका सबै जिल्लाबाट दरखास्त परेको छ । सबैभन्दा बढी दरखास्त पर्ने पाँच जिल्लाहरू क्रमशः सर्लाही (१८,३२८), धनुषा (१६,६७३), सप्तरी (१६,५१४), महोत्तरी (१५,८३५) र बारा (१५,४२३) रहेका छन् । उक्त पाँच जिल्लाबाट कुल ८२ हजार ७ सय ७३ (१७.४८ प्रतिशत) दरखास्त परेका छन् । त्यस्तै सबैभन्दा न्यून दरखास्त पर्ने ५ जिल्लाहरूमा क्रमशः मनाङ (१०), मुस्ताङ (४९), रसुवा (४५८), रुकुम पूर्व (७३९) र डोल्पा (१,०२४) रहेका छन् । यी जिल्लाबाट कुल २ हजार २ सय ८० अर्थात् कुल दरखास्तको ०.४८ प्रतिशतमात्र दरखास्त परेका छन् । आयोगबाट प्रकाशित निजामती सेवातर्फका १ हजार ४ सय ५५ विज्ञापनमध्ये विभिन्न २४ ओटा विज्ञापनमा कुनैपनि दरखास्त परेनन् । यस अवधिमा आयोगबाट निजामती सेवातर्फ सञ्चालित विभिन्न लिखित परीक्षाहरूमा ६२ हजार १ सय ५० महिला र ६० हजार ३ पुरूष गरी कुल १ लाख २२ हजार १ सय ५३ उम्मेदवार सम्मिलित भएका छन् । निजामती सेवातर्फ दुई महिला र सात पुरुष तथा सुरक्षा निकाय तथा सङ्गठित संस्थातर्फ पाँच महिला र २४ पुरुष गरी जम्मा ३८ उम्मेदवारहरु परीक्षामा अनियमित कार्य गरेवापत कारबाहीमा परेका छन् ।

३. प्रतिवेदन अवधिमा चार ओटा सुरक्षा निकाय र २६ ओटा सङ्गठित संस्थाका लागि १४ हजार ८ सय ५७ पद पदपूर्तिका लागि आयोगबाट सहमति प्रदान गरिएको थियो भने सम्बन्धित निकायबाट ७ सय ८५ ओटा विज्ञापन प्रकाशन गरिएका थिए । प्रकाशित विज्ञापनमा कुल ४ लाख ५८ हजार ६ सय ७८ दरखास्त परेका थिए । यस अवधिमा र गत आर्थिक वर्षमा सहमति प्रदान गरिएका समेत कुल ३६ ओटा निकायका ७ सय ४२ ओटा विज्ञापनका लागि लिइएका लिखित परीक्षामा सुरक्षा निकायतर्फ ६६ हजार ९ सय ३५ र सङ्गठित संस्थातर्फ १ लाख ७६ हजार ८ सय ९६ गरी जम्मा २ लाख ४३ हजार ८ सय ३१ जना उम्मेदवारहरू सम्मिलित भएका छन् । लिखित परीक्षामा सुरक्षा निकायतर्फ ८५.५१ प्रतिशत र सङ्गठित संस्थातर्फ ४६.६७ प्रतिशत उम्मेदवारको उपस्थिति रहेको छ । उक्त विज्ञापनका लिखित परीक्षाबाट ९ हजार ६ सय ९६ उम्मेदवार छनौट गरी अन्तर्वार्ताका लागि सम्बन्धित निकायको पदपूर्ति समितिमा पठाईएको छ ।

४. आर्थिक वर्ष २०८०/०८१ को अवधिमा निजामती सेवातर्फ कुल २ हजार ६ सय ८८ जना उम्मेदवार स्थायी नियुक्तिका लागि सिफारिस भएका छन् । जसमा महिला ७ सय ४४ र पुरूष १ हजार ९ सय ४४ जना रहेका छन् । सबैभन्दा बढी उम्मेदवार सिफारिस हुने पाँच जिल्लामा क्रमशः गुल्मी (१०४), स्याङ्जा (१०२), सर्लाही (९१), धनुषा (७८) र कञ्चनपुर (७३) रहेका छन् । रसुवा जिल्लाबाट १ जना मात्र उम्मेदवार सिफारिस भएका छन् भने

मनाङ र मुस्ताङ जिल्लाबाट कुनै पनि उम्मेदवार सिफारिस हुन सकेनन् । यस वर्ष सिफारिस हुने उम्मेदवारको औसत उमेर २९ वर्ष रहेको छ ।

५. प्रतिवेदन अवधिमा सिफारिस भएका कुल २ हजार ६ सय ८८ उम्मेदवारमध्ये आर्थिक वर्ष २०७८/०७९, २०७९/०८० र ०८०/०८१ मा भएका विज्ञापनबाट क्रमशः ९ सय २, १ हजार ६ सय ३३ र १ सय ५३ जना उम्मेदवार सिफारिस भएका छन् । कर्मचारी समायोजन लगायत अन्य विषयमा सम्मानित अदालतको आदेशले स्थगित भएका अघिल्ला वर्षका धेरै विज्ञापनको पदपूर्तिको कार्य प्रतिवेदन अवधिमा सूचारू गरी उल्लेख्य संख्यामा उम्मेदवार सिफारिस गरिएको छ ।

६. आर्थिक वर्ष २०८०/०८१ मा विभिन्न छ समावेशी समूहतर्फ कुल ९ सय ४७ पदका लागि विज्ञापन गरिएको छ । प्रतिवेदन अवधिमा आ.व. २०७८/०७९, २०७९/०८० र २०८०/०८१ मा भएका विज्ञापन समेतका परीक्षाबाट कुल १ हजार ६६ जना उम्मेदवार स्थायी नियुक्तिका लागि सिफारिस भएका छन् । जसमा महिलातर्फ ३ सय ४१, आदिवासी/जनजातितर्फ २ सय ८२, मधेसीतर्फ २ सय ४८, दलिततर्फ १ सय ४, अपाङ्गतर्फ ४९ र पिछडिएको क्षेत्रतर्फ ४२ उम्मेदवार रहेका छन् । प्रतिवेदन अवधि सहित विगत १७ वर्षमा सबै समावेशी समूहबाट गरी कुल २५ हजार २ सय १८ उम्मेदवार स्थायी नियुक्तिका लागि सिफारिस भएका छन् । आर्थिक वर्ष २०८०/०८१ मा सबै समावेशी समूहका उम्मेदवार खुला विज्ञापनतर्फका प्रतिस्पर्धामा समेत सिफारिस भएका छन् ।

७. यस प्रतिवेदन अवधिमा संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०८० तथा विभिन्न सङ्गठित संस्थाका कर्मचारी सेवा शर्त सम्बन्धी कानुन र निजामती कर्मचारीलाई दिइने विभागीय सजायसमेत विषयमा विभिन्न निकायका लागि कुल २० ओटा परामर्श प्रदान गरिएको छ । विभिन्न बढुवा समितिहरूबाट बढुवा सम्बन्धी कुल १ सय ८७ ओटा सिफारिस भएकोमा आयोगमा विभिन्न सिफारिसउपर २२ ओटा उजुरी प्राप्त भै उजुरी सम्बन्धी कारबाही पश्चात विभिन्न तीन ओटा बढुवा सिफारिस संशोधन गर्ने गरी निर्णय भएको छ । त्यस्तै राजपत्राङ्कित श्रेणीतर्फ नौ र राजपत्र अनङ्कित श्रेणीतर्फ छ गरी कुल १५ जना निजामती कर्मचारीलाई विभिन्न विभागीय सजाय गर्ने गरी परामर्श प्रदान गरिएको छ ।

८. प्रतिवेदन अवधिमा आयोगको मिति २०८१/३/२० को निर्णयानुसार आर्थिक वर्ष २०८१/०८२ देखि लागु हुने गरी निजामती सेवाका राजपत्रांकित तृतीय श्रेणी (अप्राविधिक) शाखा अधिकृत वा सो सरह, राजपत्र अनङ्कित प्रथम श्रेणी (अप्राविधिक), नायब सुब्बा वा सो सरह र राजपत्र अनङ्कित द्वितीय श्रेणी (अप्राविधिक), खरिदार वा सो सरह पदका लागि लिइने संयुक्त र एकीकृत परीक्षा प्रणाली अन्तर्गत प्रथम चरणको परीक्षालाई प्रवेश परीक्षाको रुपमा मात्र कायम राखी यस चरणको परीक्षामा प्राप्त गरेको अङ्क द्वितीय चरणको परीक्षामा प्राप्त गरेको अङ्कमा नजोडिने गरी परीक्षा योजनामा सुधार गरिएको छ । साथै नेपाल इन्जिनियरिङ्ग सेवाको सिभिल समूह अन्तगत जनरल, हाइवे, स्यानिटरी, इरिगेशन, हाइड्रोलोजी र बिल्डिङ्ग एण्ड आर्किटेक्ट उपसमूहतर्फ राजपत्रांङ्कित द्वितीय श्रेणी, उपसचिव वा सो सरह पदको प्रथम पत्रको परीक्षा संयुक्त हुने गरी परीक्षा योजनामा परिमार्जन गरिएको छ ।

९. प्रतिवेदन अवधिमा निजामती सेवातर्फ आर्थिक योजना तथा तथ्याङ्क, इन्जिनियरिङ्ग, कृषि, वन, शिक्षा, विविध सेवा तथा संघीय संसद र स्वास्थ्य सेवाका विभिन्न २ सय २० ओटा पाठ्यक्रमहरू निर्माण एवं परिमार्जन भएका छन् । साथै चार ओटा सुरक्षा निकायका १४ ओटा र १३ ओटा सङ्गठित संस्थाका ३ सय १७ ओटा गरी जम्मा ३ सय ३१ ओटा पाठ्यक्रमहरू स्वीकृत भएका छन् ।

१०. आयोगबाट यस अवधिमा निजामती सेवा, सुरक्षा निकाय तथा सङ्गठित संस्थासहित अन्य सार्वजनिक सेवामा कर्मचारी भर्ना र छनौटको कार्य कुशल ढङ्गले सम्पादन गर्न आयोगबाट “योग्य, क्षमतावान र दक्ष जनशक्तिको छनोट र परिचालन मार्फत राष्ट्रको समग्र समुन्नती” गर्ने दूरदृष्टि सहितको दोस्रो रणनीतिक योजना (२०८०/०८१–२०८३/०८४) कार्यान्वयनमा रहेको छ।

११. आयोगले यस प्रतिवेदनमा विगत तीन वर्षमा आयोगका प्रतिवेदनमार्फत् दिइएका सुझावहरुको कार्यान्वयनको अवस्था उल्लेख गरेको छ। साथै प्रशासनिक संघीयतालाई प्रभावकारी कार्यान्वयन गर्न अविलम्ब संघीय निजामती सेवा ऐन जारी गर्नुपर्ने, निजामती कर्मचारीको सरुवालाई थप व्यवस्थित बनाउन सरुवा नीति तर्जुमा गर्नुपर्ने, संघ, प्रदेश र स्थानीय तहको संगठन संरचना र दरबन्दीको सम्बन्धमा एकिकृत संगठन तथा व्यवस्थापन सर्भेक्षण गर्नुपर्ने, लोक सेवा आयोगको पूर्वाधार विकास, प्रशासनिक तथा आर्थिक स्वायतत्ता लगायत विभिन्न १३ ओटा विषयमा सुझाव समेत प्रस्तुत गरेको छ।

आयोगको वार्षिक प्रतिवेदन पेश गर्ने कार्यक्रममा आयोगका पदाधिकारीहरु, सम्माननीय राष्ट्रपतिज्यूका सल्लाहकार, लोक सेवा आयोग तथा राष्ट्रपति कार्यालयका सचिव, सम्वद्ध अन्य कर्मचारीहरु एवम् सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो ।

गीताकुमारी होमेगाई
सहसचिव/प्रवक्ता

२०८१ साल असोज ४ गते, शुक्रवार
कमलपोखरी, काठमाडौं